# धरान नगरपालिका

## हरित आवास परियोजना

## कार्यान्वयन कार्य योजना




नगर परिषद्बाट पारित मितिः २०७१।०९।२५

## पृष्ठभूमी

तिब्र शहरीकरणसँगै विभिन्न खालका आवश्यकताहरु दिन प्रतिदिन बढ्दै जान थालेका छन् । सुरक्षित र पर्याप्त खानेपानीको आपूर्ती, व्यवस्थित सरसफाइ एवम् आरामदायी बसोबास र स्वस्थ जीवन नगर एवम् नगरउन्मुख क्षेत्रको प्रमुख चुनौती बन्न थालेका छन् । यसको साथै अत्यधिक भवन निर्माण कार्यसँगै प्राकृतिक स्रोतहरुको अनियन्त्रित दोहन एवम् वातावरणीय प्रदुषणले शहरी जनजीवन थप कष्टप्रद हुन थालेको छ ।

नेपालमा कुल शहरी जनसंख्याको करिब १८% जनसंख्याको रोजगार निर्माण व्यवसायसँग सम्बन्धित रहेको बताइन्छ । हालको मागलाई आधार मान्दा आजको एकदशकपछिको शहरी जनसंख्याको बसोबासको लागि थप १० लाख घरको आवश्यकता पर्नेछ । यसरी बढ्दो आवासको मागलाई परम्परागत तरिकाले पूरा गर्ने हो भने वातावरण प्रदुषण तथा जलवायु परिवर्तनमा व्यापक नकारात्मक असर पर्नेछ । परम्परागत ईंट्टा र कंक्रिटबाट निर्मित आवासहरु तापक्रमका उच्चतम र न्यूनतम अवस्थामा खासै प्रभावकारी हुँदैन ।

अर्कोतर्फ नेपालका शहरहरुमा खानेपानीको अभाव, फोहर व्यवस्थापन र वातावरणीय प्रदुषण ठूलो चुनौतीका बनिरहेको छ । बढ्दो जलवायु अस्थिरता (Climate Variability) ले शहरी सेवाहरुमा थप दबाव सिर्जना गर्ने सम्भावना रहेको छ । दिगोपना र जलवायु परिवर्तनका असरहरु सुधार गर्न निर्माण सामग्रीको प्रयोग एवम् भवनको उपभोग⁄संचालन दुबै अवस्थामा वातावरणमैत्री व्यवहार अपनाउनु र उर्जा खपतमा नियन्त्रण गर्नु अत्यन्त महत्वपूर्ण हुन्छ ।

यिनै अवस्थालाई मध्यनजर गर्दै युएन ह्याबिट्याटले शहर र जलवायु परिवर्तनका योजना (Cities and Climate Change Initiatives, CCCI) मार्फत् शहरी जलवायु परिवर्तनका विषयहरु सम्बोधन गर्दै आइरहेको छ । यसै सन्दर्भमा स्विच एशियाले आव्हान गरेको दिगो उपभोग र उत्पादन प्रस्ताव अन्तर्गत यूरोपियन युनियनसँगको सहकार्यमा यूएन ह्याबिट्याट र यसका साझेदार संस्थाहरुले नेपालका शहरहरुमा दिगो आवास प्रवर्द्धन गरिरहेको छ । धरान, पोखरा र ललितपुर नगरपालिकामा संचालित यस हरित आवास परियोजनाले वातावरणमैत्री आरामदायी आवास र जीवनशैलीप्रति शहरबासीको ध्यान आकृष्ट गरिहेको छ ।

हरित आवास - दिगो आवास एउटा आवास प्रणालीसहितको अवधारणा हो जसले प्राकृतिक स्रोतमाथिको दबाव एवम् कार्बन ग्याँस उत्सर्जनलाई न्यूनिकरण गरेर मानवीय सम्वृद्धि, सामाजिक समानता र हरित अर्थव्यवस्था प्रवर्द्धन गर्दछ । यसबाहेक हरित आवास अन्तर्गत पानी र फोहर व्यवस्थापन प्रणालीका वातावरणमैत्री प्रविधिहरु जस्तैः आकासेपानी संकलन र फोहर एवम् फोहरपानीको पुनःप्रयोग समेतलाई समेत्दछ । हरित आवास हरियालीयुक्त आवास मात्र नभई यसले वातावरणमैत्री प्रणाली र बानीव्यवहारमा आधारित दिगो जीवनशैली झल्काउँछ । हरित आवासका पाँच विशेषताहरु निम्नानुसार छन् ।

- दिगो र वातारणमैत्री भवन निर्माण सामग्रीहरुको प्रयोग
- उर्जा किफायती र निष्कृय सौर्य संरचना (Passive Solar Design)
- पानी संरक्षण
- फोहर न्यूनिकरण, पुनःप्रशोधन र पुनःप्रयोग (Reduce, Recycle and Reuse)
- घरभित्रको हावाको गुणस्तरमा सुधार

यस परियोजनाको मुख्य उद्देश्य हरित रोजगारमार्फत् गरिबी निवारण एवम् जलवायु परिवर्तन नियन्त्रणमा टेवा पुऱ्याउन तथा हरित अर्थव्यवस्था उन्मुख बनाउन दिगो आवास प्रविधिहरु र सेवाहरु प्रवर्द्धन गर्नु रहेको छ । यसका ठोस उद्देश्यहरु निम्नानुसार रहेको छ ।

- दिगो आवास प्रवर्द्धनको लागि उपयुक्त नीतिगत वातावरण निर्माण गर्ने ।
- घरघरमा हरित प्रविधि र सेवा पुऱ्याउन दिगो आवास र साना तथा मझौला व्यवसायीहरुको क्षमता अभिवृद्धिको लागि आपूर्ति संजाल (Supply Chain) लाई मजबुत बनाउने ।
- दिगो आवासको मागलाई बढाउन उत्साहित बनाउने ।

परियोजनाको यहि उद्देश्यलाई परिपूर्ती गर्ने क्रममा लक्षित विभिन्न क्रियाकलाप मध्ये नगरस्तरीय हरित आवास प्रवर्द्धन योजना तर्जुमा गोष्ठी पनि एक हो । यस गोष्ठी मार्फत् हरित आवास प्रवर्द्धनका संभावित चुनौती, समस्यालाई पहिचान गरी त्यसको समाधान एवम् सहजीकरणको लागि आवश्यक क्रियाकलापहरु तयार पार्न सकेमा हरित आवासको प्रवर्द्धन कार्य प्रभावकारी हुनेछ ।

## गोष्ठीको उद्देश्य

गोष्ठीको समग्र उद्देश्य नगरस्तरीय सरोकारवालाहरुको सहभागितामा हरित आवासका विशेषताहरुलाई नगरको वार्षिक योजनामा समावेश गर्नु रहेको छ । यसका ठोस उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

- स्थानीय स्तरमा हरित आवास प्रवर्द्धनका चुनौतीहरुको पहिचान गर्नु ।
- हरित आवासका विशेषताहरुलाई प्रभावकारी ढंगले प्रवर्द्धन गर्न स्थानीय स्तरमा कार्ययोजना तयार पार्नु ।
- हरित आवास प्रवर्द्धनको लागि प्रदान गर्न सकिने प्रोत्साहन कार्यविधि ९क्ष्लअभलतष्खभ :भअजबलष्क० तयार पार्नु ।

## स्थान र कार्यक्रम तालिका

नगरस्तरीय योजना तर्जुमा गोष्ठी धरान नगरपालिकास्थित होटेल रत्ना इनमा सम्पन्न भयो । गोष्ठी यहि मिति : २०७१ बैशाख ५–७ गते (Apritl 18-19, 2014) मा संचालन भएको थियो ।

## सहभागिता

यस योजना तर्जुमा गोष्ठिमा स्थानीय भवन डिजाइनकर्ता, गैससका प्रतिनिधिहरु, विभिन्न व्यावसायिक संस्थाहरुका प्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधिहरु, नागरिक समाज, नेपाल उद्योग वाणिज्य महासंघ, सुनसरी, नगरपालिका कर्मचारी, स्थानीय निर्माण सामाग्री व्यवसायीहरुको सहभागिता रहेको थियो ।

## गोष्ठी संचालन विधि

गोष्ठीलाई प्रभावकारी बनाउनको लागि निम्न विधिहरुको प्रयोग गरिएको थियो ।

- प्रस्तुतीकरण
- अन्तर्क्रिया
- समुह कार्य

- अनुभव आदान प्रदान
- छलफल

## कार्यक्रम संचालन

समग्र गोष्ठी दुई दिनमा सम्पन्न गरियो ।

## पहिलो दिन

पहिलो दिनको कार्यक्रम मुलतः उद्घाटन, जानकारी एवम् प्राविधिक प्रस्तुतिकरण गरी ३ वटा सत्रमा संचालन गरिएको थियो ।

## सत्र १ः उद्घाटन सत्र

सुनसरी जिल्लाका संविधान सभा सदस्य माननीय श्री कृष्ण कुमार राईबाट पानस बत्ती बालेर उद्घाटन सत्रको प्रारम्भ गरियो । नगरपालिकाका कार्यकारी प्रमुख श्री भोजराज खतिवडाको अध्यक्षतामा सम्पन्न उक्त सत्रमा अतिथिहरु संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सहसचीव गोपीकृष्ण खनाल, उद्योग वाणिज्य महासंघ सुनसरीका अध्यक्ष सुरेश श्रेष्ठ, यूएन ह्याविट्याटका कार्यक्रम संयोजक डा. सन्तोष श्रेष्ठका साथै नगरका विभिन्न सरोकारवालाहरु, सरकारी कार्यालयका प्रतिनिधिहरुको समेत उपस्थिति रहेको थियो ।

प्रमुख अतिथि, अतिथिहरुको मन्तव्य पश्चात् कार्यक्रममा अध्यक्षता गर्नु हुने श्री भोजराज खतिवडाले उद्घाटन सत्रलाई विधिवत् रुपमा समापन गर्नु भएको थियो ।

## सत्र २ः प्रस्तुतीकरण सत्र

गोष्ठीको पहिलो दिनमा तीनवटा प्रस्तुतीकरण गरियो । ती प्रस्तुतीकरण मार्फत् परियोजनाबारे जानकारी र हरित आवासका पाँच विशेषताहरु हरित निर्माण सामग्री, घाम सदुपयोगी डिजाइन, पानी संवर्द्धन, फोहरमैला व्यवस्थापन र उर्जा किफायतीलाई प्रस्तुत गरिएको थियो ।

### प्रस्तुतीकरण १ः हरित आवास परियोजना र यसका विशेषताहरु

उद्घाटन सत्रको क्रममा डा. सन्तोष श्रेष्ठले परियोजना बारेमा परिचयात्मक प्रस्तुतीकरण गर्नुभएको थियो । हरित आवास परियोजना र यसका पाँच विशेषताहरुको विषयमा प्रस्तुतीकरण गर्नु हुँदै डा. श्रेष्ठले परियोजनाको आवश्यकता र महत्व, यसका उद्देश्यहरु एवम् अपेक्षित क्रियाकलापहरु सम्बन्धमा प्रकास पार्नु भएको थियो ।

### प्रस्तुतीकरण २ः हरित निर्माण सामाग्री र घाम सदुपयोगी डिजाइन

उद्घाटन सत्रको समापन पछि डा. सन्तोष श्रेष्ठले हरित निर्माण सामाग्री र घाम सदुपयोगी डिजाइनसम्बन्धी प्रस्तुतीकरण गर्नु भएको थियो । उहाँले आफ्नो प्रस्तुतीकरणको क्रममा काठमाडौं लगायत तिब्रतर गतिमा शहरीकरण भइरहेका देशका विभिन्न शहरमा बढिरहेको प्रदुषण, प्राकृतिक श्रोतमाथिको अनियन्त्रित र अत्यधिक दोहनको कारण उब्जिरहेको समस्याबारे प्रकास पार्नु भयो । ती समस्याहरुको कारण ठूलो लगानीमा निर्माण भइरहेका आवासहरु अपेक्षितरुपमा आरामदायी हुन नसकिरहेको चर्चा गर्दै यसको लागि हरित निर्माण सामग्रीको प्रयोगले मात्र आवासहरु वास्तवमा आरामदायी र स्वस्थकर हुने बताउनु भएको थियो । साथै हरित निर्माण सामग्रीको प्रयोगले प्रचलित ईंटाको

कारण वातावरण परिरहेको नकारात्मक असर समेतलाई न्यूनिकरण गर्न सहयोग पुग्ने बताउनु भयो । यसैक्रममा हलो कंक्रिट ब्लक, सिएसईबि ईंटा, स्ट्रबेल (परालको ब्लक) आदिलाई प्रचलित ईंटाको विकल्पको रुपमा प्रयोग गर्न सकिने बताउनु भयो ।

यसैगरी आफ्नो प्रस्तुतीकरणको दोस्रो खण्डमा डा. सन्तोष श्रेष्ठले घाम सदुपयोगी डिजाइनबारे प्रकास पार्नुभयो । उहाँले यस प्रकारको डिजाइन मार्फत् सजिलै घरभित्रको तामक्रमलाई नियन्त्रण गरी आरामदायी बसोबास अवस्था सिर्जना गर्न सकिने बताउनु भयो । "घाम सदुपयोगी डिजाइन भनेको सामान्यतया स्थान विशेषमा घामको झुकाव र लाई अध्ययन गरी सोही अनुरुप गर्मीको समयमा घामलाई घरभित्र छिर्न नदिने र जाडोको समयमा घामलाई यथासक्य घरभित्र प्रवेश गराउने गरी घरको झ्यालको साइज मिलाउने र छत निकाल्ने हो ।" उहाँले बताउनु भयो । यसबाहेक यस प्रकारको डिजाइनमार्फत् घामको उज्यालोलाई सोही अनुरुपमा घरको भित्री भागसम्म पुऱ्याई घरलाई आवश्यक मात्रामा उज्यालो पनि बनाउने सकिने उपायबारे चर्चा गर्नुभयो ।

**प्रस्तुतीकरण ३ः घरेलु हरित सुविधाहरु**

प्रस्तुतीकरण सत्रलाई निरन्तरता दिँदै राजेन्द श्रेष्ठले घरेलु हरित सुविधाहरुको बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो । उहाँको प्रस्तुतीकरणमा पानी संरक्षण, फोहरमैला व्यवस्थापन र उर्जा किफायती समेटिएको थियो । उहाँले आफ्नो प्रस्तुतीकरण पानी, फोहर र उर्जा व्यवस्थापन सम्बन्धी विद्यमान् समस्याहरुबाट सुरु गर्नुभयो । यसको लागि विभिन्न स्तरमा कार्यहरु हुनुपर्ने भन्दै उहाँले पानी संरक्षणको लागि मूलतः Reduce, Reuse र Resource अर्थात् पानीको यथासक्य कम प्रयोग, पुनः प्रयोग र वैकल्पिक स्रोतको प्रयोगबारे बताउनु भयो । यसको लागि घरेलुस्तरमा हरेकले गर्न सकिने बिना लगानी वा न्यून लगानीका उपाय वा विधिहरुबारे बताउनुभयो । उहाँले पानी संरक्षणको लागि कतिपया अवस्थामा प्रविधि होइन सोच मात्रै पनि पर्याप्त हुने बताउनु भयो । यसबाहेक फोहरपानीलाई प्रशोधन गरेर घरको विभिन्न कार्यहरु (जस्तै चर्पी फ्लस गर्न, बगैचा/करेसाबारी सिंच्न) मा प्रयोग गर्न सकिने बताउनु भयो भने आकासेपानी संकलन गरेर पनि पानीको अभावलाई धेरै हदसम्म कम गर्न सकिनेमा जोड दिनु भयो । शहरीकरणसँगै घट्दो भूमिगत पानीको सतहलाई संतुलनमा राख्नको लागि वर्षात्को पानीलाई जमीनमुनी पठाउन वा पुनःभरण गर्न सकिने बताउनु भयो ।

त्यसैगरी शहरको फोहरमैला व्यवस्थापनको लागि घरेलुस्तरबाटै थालनी गर्नुपर्ने बताउनुभयो । घरबाट निस्किने फोहरमैलालाई उत्पादनकै क्रममा न्यूनिकरण गर्ने, वर्गिकरण गर्ने र प्रशोधन गर्ने गर्नाले हालको केन्द्रिकृत फोहरमैला व्यवस्थापन अन्यन्तै सहज हुनुकासाथै करेसाबारी/बगैचाको लागि आवश्यक पर्ने कम्पोष्ट मलमा समेतको परनिर्भरताको अन्त हुने बताउनुभयो ।

आफ्नो प्रस्तुतीकरणको तेस्रो भागमा राजेन्द्र श्रेष्ठले उर्जा किफायती उपाय र उपकरणको बारेमा बताउनुकासाथै वैकल्पिक उर्जा सम्बन्धी प्रस्तुतीकरण गर्नुभयो । उहाँले पछिल्लो चरणमा विकास गरिएका सिएफएल र एलइडि जस्ता बतीहरुको प्रयोगको साथै उर्जा किफायती लेभल भएका विद्युतीय उपकरणहरुको प्रयोगले विद्युतीय खपतमा उल्लेखनीय कमि आई आफ्नो घरको मासिक खर्चमा समेत सुधार आउनेमा जोड दिनु भयो । साथै यसले विद्यमान् विजुलीको मागमा समेत कमि ल्याउने बताउनु भयो । वैकल्पिक उर्जाको रुपमा विशेषगरी बायोग्यास प्लान्ट, सोलार वाटर हिटर, सौर्य विद्युत्, वायु उर्जा आदि बारे बताउनु भयो ।

## दोस्रो दिन

### सत्र १: पुनरावलोकन

गोष्ठीको दोस्रो दिन अघिल्लो दिनका गतिविधिहरुमाथि पुनरावलोकन गरी प्रारम्भ गरिएको थियो । यस क्रममा सहभागिहरुको तर्फबाट आफ्नो दृष्टिकोण राख्नको लागि अभिप्रेरित गरिएको थियो । पुनरावलोकनको क्रममा सहभागीहरुले हरित आवास अवधारणाप्रतिको बुझाइमा परिवर्तनको आएको धारणा राखेको थियो । प्रस्तुतीकरण प्रभावकारी भएको भन्दै थप विस्तृत जानकारी र डिजाइन सम्बन्धी थप तालिम/क्षमता अभिवद्धि गर्नुपर्ने बिचार व्यक्ति गरियो । धारणा राख्ने क्रममा नगरपालिकाको नक्सा पास प्रक्रियामा हरित आवास निर्माणको अवधारणा र आवश्यकतालाई समावेश गर्नुका साथै हरित आवास निर्माण गर्ने घरधनीलाई प्रोत्साहनको लागि केहि थप सेवासुविधा प्रदान गर्नुपर्ने सुझाव आएको थियो । यसैगरी हरित आवास सम्बन्धी जनचेतनामूलक कार्यक्रमलाई टोलटोलसम्म पुऱ्याउन पनि सुझाव दिइएको थियो ।

### सत्र २: प्रस्तुतीकरण सत्र

#### प्रस्तुतीकरण १: हरित आवास प्रवर्द्धनको लागि प्रोत्साहन कार्यविधि

नगरपालिकाका वरिष्ठ इन्जिनियर सुरज श्रेष्ठले हरित आवास प्रवर्द्धनको लागि नगरपालिकाको हरित आवास कार्यसमितिले तयार पारेको प्रोत्साहन कार्यविधिको बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो । यसक्रममा नगरपालिकाको सिमित स्रोत साधनको र विद्यमान नीतिनियमको परिधिभित्र रहेर उक्त कार्यविधि तयार पारेको बताउनु भयो । उक्त कार्यविधिलाई गोष्ठीको क्रममा तयार पारिने नगरस्तरीय कार्ययोजनामा समेटेर लागु गरिने बताउनु भयो ।

प्रस्तुतीकरणको क्रममा ई. श्रेष्ठले हरित आवास प्रवर्द्धनको लागि आर्थिक अथवा प्रशासनिक प्रोत्साहन कार्यविधि एउटा निकै प्रभावकारी रणनीति हुनसक्ने बताउनु भयो । हरित आवास निर्माणकर्ता वा घरधनीलाई पुरस्कृत/सम्मान गरेर हरित प्रविधिको माग बढाउन सकिने बताउनु हुँदै हरित आवास प्रवर्द्धनको लागि अन्य मुलुकहरुमा लागू भएका प्रोत्साहन कार्यविधि र कर/शुल्कको बारेमा चर्चा गर्नुभयो । उहाँले मुख्यगरी प्रशासनिक, आर्थिक र अन्य क्षेत्रलाई केन्द्रित गरी प्रोत्साहन कार्यविधि बनाउनु सकिने बताउनु भयो । प्रशासनिक प्रोत्साहनको रुपमा नक्सापास समयावधि छोट्याउने वा प्राथमिकतामा राख्ने, घरनिर्माणसम्बन्धी मापदण्डहरु जस्तै घर/तलाको उचाइ, घरले चर्चिने क्षेत्रको प्रतिशतमा केहि सहुलियत दिने जस्ता कार्य गर्न सकिने तथा आर्थिक प्रोत्साहनको रुपमा नक्सापास दस्तुर र करमा छुट दिन सकिने धारणा राख्नु भयो ।

### सत्र ३: समस्या पहिचान

प्रोत्साहन कार्यविधिसम्बन्धी प्रस्तुतीकरणपछि हरित आवास प्रवर्द्धनको क्रममा आउन सक्ने समस्या एवम् चुनौतीहरु पहिल्याउने कार्य भयो । यस क्रममा सम्पूर्ण सहभागीहरुलाई संभावित समस्या र चुनौतीहरुलाई मेटाकार्ड लेख्न आग्रह गरियो । यसरी प्राप्त समस्या र चुनौतीलाई मुलतः पाँचवटा मूल विषयमा केन्द्रित थियो । ती विषयहरु निम्न थिए:

- निर्माण सामग्री र जनशक्तिको उपलव्धता अथवा बजार व्यवस्थापन
- प्राविधिक दक्षता वा ज्ञान
- नीति नियमको आवश्यकता
- तालिम, क्षमता अभिवृद्धि

- जनचेतनामूलक क्रियाकलाप र पैरवी

यी पाँच वटा विषयवस्तुमध्ये जनचेतनामूलक क्रियाकलाप र नीति नियमको आवश्यकतालाई बढी उठाइएको थियो भने बजार व्यवस्थापन र प्राविधिक दक्षतालाई हरित आवास प्रवर्द्धनको लागि ध्यान दिनुपर्ने मुख्य विषयको रुपमा प्रस्तुत गरिएको थियो ।

**सत्र ४: समुह कार्य र यसको प्रस्तुतीकरण**

समुह कार्य कार्यशाला गोष्ठीको निकै महत्वपूर्ण सत्र थियो । यसको लागि सम्पूर्ण सहभागिहरुलाई चार वटा समुहमा विभाजन गरिएको थियो । ती चारवटा समुहहरु निम्नानुसार विषयवस्तु प्रदान गरिएको थियो ।

- प्रोत्साहन कार्यविधि
- नीति नियम
- क्षमता अभिवृद्धि
- जनचेतना र प्रवर्द्धनात्मक क्रियाकलापहरु

समुह बनाउँदा प्रत्येक समुहमा सबै क्षेत्र जस्तैः नगरपालिकाका कर्मचारी, प्राविधिक, नागरिक समाज, राजनैतिक दल, गैसस आदि को प्रतिनिधित्व गराइएको थियो । यसबाट हरेक समुहले तयार पार्ने कार्ययोजनामा हरेक क्षेत्रको दृष्टिकोण झल्किने आशा गर्न सकिन्छ । कार्ययोजना बनाउँदा सबै समुहलाई क्रियाकलापको साथै लक्षित समुह, स्रोतको पहिचान, जिम्मेवारी बाँडफाँड र समयावधिलाई प्रष्टसँग उल्लेख गर्न भनिएको थियो । उक्त कार्ययोजना प्रस्तुतीकरणको लागि प्रत्येक समुहबाट एकएक जना टोलीनेता पनि तोकेको थियो । यसको लागि सबै समुहलाई यी पाँच विषयसहितको तालिकाको खाका उपलव्ध गराइएको थियो । समुह कार्यको लागि २:०० घण्टाको समय उपलव्ध गराइएको थियो ।

समुहले तयार पारेको कार्ययोजनालाई समुहको टोलीनेताहरुले प्रस्तुतीकरण गर्नुभयो । प्रस्तुतीकरणको क्रममा चारैवटा विषयवस्तुमा गहन छलफल गरी प्रस्तुत क्रियाकलापहरुमा थपघट समेत गरिएको थियो । समुहकार्य र प्रस्तुतीकरणमा डा. सन्तोष श्रेष्ठ, राजेन्द्र श्रेष्ठ र सुरज श्रेष्ठले सहजिकरण गर्नुभएको थियो ।

**सत्र ४: समापन सत्र**

धरान नगरपालिकाका कार्यकारी अधिकृत श्री भोजराज खतिवडाज्यूको प्रमुख आतिथ्यमा दुईदिने कार्यशाला गोष्ठीको समापन गरिएको थियो । कार्यक्रममा सहभागिहरुको तर्फबाट आइडिआरसि नेपाल नामक गैससका प्रतिनिधि पुर्णकला राईले बोल्नु भएको थियो । उहाँले कार्यशाला गोष्ठी निकै फलदायी भएको भन्दै कार्ययोजना पनि अत्यन्तै राम्रो र व्यवहारिक रहेको बताउनु भयो । साथै उहाँले हरित आवास र यसका अवयवहरुसम्बन्धी थप जानकारीमूलक तालिम र क्षमता अभिवृद्धिका कार्यक्रमहरु आयोजना गर्न पनि सुझाव दिनुभयो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै धरान उद्योग वाणिज्य महासंघका सदस्य सचिव विजय श्रेष्ठले यस गोष्ठी र निर्माण भएको कार्ययोजनाले धरान नगरपालिकालाई हरित शहरको रुपमा विकास गर्न सघाउ पुग्ने विश्वास व्यक्त गर्नुभयो । यसको लागि महासंघको तर्फबाट सधैं साथ र सहयोग रहने बताउनु भयो ।

यूएन ह्याबिट्याटका डा. सन्तोष श्रेष्ठले कार्यशाला गोष्ठीमा देखिएको सहभागिता र लगावले वास्तवमै महत्वपूर्ण एवम् व्यवहारिक कार्ययोजना बनेको विचार राख्नु भयो । यसले धरान नगरपालिकामा हरित आवास प्रवर्द्धन कार्य अझ

सरल र प्रभावकारी हुने विश्वास पनि व्यक्त गर्नुभयो । सम्बोधनको क्रममा गोष्ठीमा सहभागि हुनु भई सफतलापूर्वक कार्ययोजना निर्माण गर्न सहयोग गर्नु भएकोमा हार्दिक धन्यवाद व्यक्त गर्दै सहजीकरण र साझेदारीको लागि नगरपालिकाप्रति आभार व्यक्त गर्नुभयो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नगरपालिकाका कार्यकारी अधिकृत श्री भोजराज खतिवडाज्यूले कार्यशाला गोष्ठी आफ्नो उद्देश्य अनुरुपमा सफल भएको बताउनु भयो । गोष्ठीको क्रममा तयार भएको कार्ययोजनालाई यथाशक्य चाँडो कार्यान्वयनमा ल्याई धरान नगरपालिकालाई हरित नगरउन्मुख बनाउनु सबैको सहयोगको अपेक्षा गनु भयो ।

अन्तमा गोष्ठीमा सहभागी सबैलाई धन्यवाद एवम् बधाई एवम् गोष्ठी सफल बनाउन प्रत्यक्षपरोक्ष सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिँदै दुईदिने कार्यशाला गोष्ठी समापन भएको घोषणा गर्नुभयो ।

परिशिष्ट १: धरान योजना तर्जुमा गोष्ठिको क्रममा चार वटा समुहले तयार पारेको कार्ययोजना

**समुह १: प्रोत्साहन कार्यविधि (Incentive Mechanism)**

| क्रियाकलाप | लक्षित समुह | स्रोत | जिम्मेवारी | समयावधी |
|---|---|---|---|---|
| १. नक्सापास दस्तुरमा ५०% छुट | घरधनी | नगरपालिका | न.पा. | २०७१/७२ आ.ब |
| २. नक्सापास प्रक्रिया अवधि घटाउने | घरधनी | नगरपालीका | न.पा. | २०७१/७२ आ.ब |
| ३. World Env. Day को अवसरमा उत्कृष्ट ३ घरधनीलाई सम्मान/पुरस्कृत गर्ने | घरधनी | नगरपालीका, संघ (UN-HABITAT) | न.पा. | २०७२/७३ |
| ४. घरधनी/निर्माणकर्मी-हरुलाई अनुशिक्षण/तालिम प्रदान गर्ने | घरधनी/निर्माणकर्मी | नगरपालीका, संघ (UN-HABITAT) | न.पा., क्युपेक, नि.य.संघ | २०७१/७२ |
| नि : शुल्क बिरुवा उपलब्ध गराउने | घरधनी/संघ संस्था | न.पा, सामु'/बन कार्यालय | न.पा., सा.ब.ब का | २०७१/७२ |
| IPT/अन्य सेवामा छुट | घरधनी/संघ संस्था | नगरपालीका | न.पा. | २०७२/७३ |
| ७. घर निर्माणको म्याद १ वर्ष थप गरी ३ वर्षको बनाउने । | घरधनी/संघ संस्था | नगरपालीका | न.पा. | २०७२/७३ |
| ८. Rain Water Harvesting Solar System, Biogas प्रविधि प्रयोग गरे (ल.ई) निर्माण खर्चको २५% वा रु १०,००० जुन कम हुन्छ त्यो उपलब्ध गराउने । | घरधनी | न.पा. UN-HABITAT | न.पा. UN-HABITAT | २०७२/७३ |
| ९. घर निर्माणको ईजाजत २५ दिन भित्र स्वीकृत गर्ने । | घरधनी | न.पा. | न.पा. | २०७१/७२ |
| १०. कन्सल्टेन्सी/डिजायनरलाई नि :शुल्क तालिमको व्यवस्था । | क./डि | न.पा. UN-HABITAT | न.पा. UN-HABITAT | २०७१/७२ |
| ११. उत्कृष्ट क. डि. लाई वार्षिक रुपमा पुरस्कृत/नविकरण शुल्क मिनाह । | क./डि | न.पा. UN-HABITAT | न.पा. UN-HABITAT | २०७१/७२ |
| १२. ठेकेदार/निर्माणकर्मीहरुलाई नि :शुल्क तालिम । | के./नि | न.पा. UN-HABITAT | न.पा. UN-HABITAT | २०७१/७२ |
| १३. कार्यदक्षताका आधारमा पुरस्कृत । | के./नि | न.पा. UN-HABITAT | न.पा. UN-HABITAT | २०७१/७२ |
| १४. ठेकेदार/निर्माणकर्मीहरुको व्यवसायिक प्र. प. नविकरण शुल्कमा ५०% छुट । | न.पा. | न.पा. | न.पा. | २०७१/७२ |
| १५. निर्माण सामाग्री उत्पादक/बिक्रेता लाई सामाग्रीको गुणस्तरको आधारमा पुरस्कृत/दण्डित गर्ने व्यवस्था । | न.पा. UN-ABITAT | न.पा. | न.पा. | २०७१/७२ |

टोलीनेताः अञ्जु उदास

समुह सदस्यः सुनील नेपाल, भुपेन्द्र सुन्दर लावती, ईन्द्र न्यौपाने, नारायण लिम्बु, उपेन्द्र प्रसाद पोखरेल, बालकृष्ण कार्की, पुर्णकला राई, शिशिर क्षेष्ठ

समुह २: <u>हरित आवासको लागि निति</u> **(Green Homes Promotional Policy)**

१. धरान नगरपालिकाले हरित आवासको कार्यविधि बनाई आगामी ३ वर्ष भित्रमा हरित आवासिय नगरको रुपमा विकास गर्ने ।

२. हरित आवास निमार्ण गर्ने  घरधनीहरुको लागि नि : शुल्क प्राविधिक सहयोग उपलब्ध गराउने ।

३. हरित आवास निर्माणका लागि स्थानिय स्रोत साधनको प्रयोगलाई बढी प्राथमिकता दिने ।

४. हरित आवास निर्मातालाई नक्सा पासमा लाग्ने दस्तुरमा छुट दिने ।

५. हरित आवास निर्माणका लागि अनुमति पाएकाहरुको आवासलाई नियमित अनुगमन र नियमन गर्ने ।

६. हरित आवास सम्बन्धि तोकिएको मापदण्ड विपरित बनाईएको भेटिएमा त्यस्ता घरधनीलाई न.पा. बाट उपलब्ध सेवा र सुविधाबाट वन्चित गर्ने ।

७. हरित आवासको मापदण्ड अनुरुप श्रेणीकरण गरिएको घरधनीहरुलाई श्रेणी अनुसार न.पा. को अन्य सेवा सुविधामा समेत सहुलियत दिने ।

८. हरित आवासको लागि अन्तराष्ट्रिय स्तरमा प्रचलित मापदण्डहरुलाई नेपालको कानुनमा समावेश गर्ने ।

९.हरित आवास निर्माणमा सम्लग्न जनशक्तिहरुलाई अनिवार्य रुपमा तालिम लिएको हुनुपर्ने ।

१०. हरित आवास निर्माण गर्ने घरधनीहरुलाई ऋण उपलब्धताका लागि वातावरण तयार गर्ने ।

११. निर्माण भईसकेका भवनको हकमा अवस्थाको अध्ययन गरी हरित आवास अवधारणाको केही बुदा समेत लागु गराउने ।

टोलीनेताः कुवेर श्रेष्ठ

समुह सदस्यः विवेक राई, रमेश कुमार शाह, देश कुमार राई, लक्ष्मी राई, सुदर्शन श्रेष्ठ, श्याम तिमिल्सिना, सागर रसाईली, उत्तम राई, शिव चाम्लिङ्ग, राम कुमार राई

समुह ३ः क्षमता अभिवृद्धि **(Capacity building)**

| क्रियाकलाप | लक्षित समुह | स्रोत | जिम्मेवारी | समयावधी |
|---|---|---|---|---|
| १. तालिम तथा अनुशिक्षण | १. प्राविधिक<br>(क) ध.न.पा.<br>(ख) कन्सल्टेन्सी<br>(ग) अन्य<br>२.निर्माण व्यवसायी<br>३. निर्माणकर्मी<br>४.घरधनी<br>५. नागरिक समाज, पत्रकार र अन्य सरोकारवालाहरु जस्तै : खानेपानी, विद्युत आदि । | स्था.वि. मन्त्रालय ध.न.पा, शहरी विकास मन्त्रालय | १. ध.न.पा<br>२.निर्माण व्यवसायी<br>३.क्यूपेक<br>४. राजनितिक दल<br>५.नागरीक समाज | १ वर्ष पहिलो २०७२ आषाढ सम्म |
| २. जनचेतनामूलक कार्यक्रम संचालन<br>(क) रेडियो तथा टि.भी कार्यक्रम<br>(ख) पत्रपत्रिका<br>(ग) पर्चा, पम्प्लेट<br>(घ) माईकिङ्ग | १. घर बनाईसकेका घरधनीहरु<br>२. नयाँ घर बनाउने घरधनीहरु<br>३. निर्माण सामाग्री उत्पादक तथा वितरकहरु<br>४. सम्पूर्ण नगरवासीहरु | UN-HABITAT<br>स्था.वि. मन्त्रालय<br>ध.न.पा, शहरी विकास मन्त्रालय, उ.वा. संघ | १. ध.न.पा<br>२. उ.वा. संघ | ६ महिना २०७२ पौष सम्म |
| ३. गुणस्तर निर्धारण र स्वर वर्गिकरण | १. प्राविधिकहरु<br>२. घरधनीहरु<br>३. उत्पादक तथा वितरक | - ध.न.पा,<br>- निर्माण सामाग्री उत्पादक तथा वितरक<br>- प्राविधिकहरु<br>- UN-HABITAT | १. ध.न.पा<br>२. उ.वा. संघ | ६ महिना २०७३ आषाढ सम्म |

टोली नेताः खगेन्द्र प्रसाद खतिवडा

समुह सदस्यः विजय श्रेष्ठ, युमन शाक्य, ऋषिराज राई, ललिता अधिकारी, मदन श्रेष्ठ, हस्त कुमार राई

समुह ४: जनचेतना अभिवृद्धि र प्रर्बधनात्मक क्रियाकलाप **(Awareness and Promotional activities)**

| क्रियाकलाप | लक्षित समुह | स्रोत | जिम्मेवारी | समयावधि |
|---|---|---|---|---|
| १. सुचना केन्द्र/डेस्कको स्थापना (Mobile message, electronic communication) | सरोकारवाला सबै | ध.न.पा, UN-HABITAT, नेपाल सरकारका विषयगत कार्यालयहरु | ध.न.पा | क्र अवधि |
| २. सामुदायिक संस्था, विद्यालय, व्यक्ति पचिालन गर्ने, उ.वा. संघ | ” | ” | ध.न.पा, UN-HABITAT, SEAM-N, | १ वर्ष सम्म -चौकासिक) |
| ३.प्रशिक्षक प्रशिक्षण तालिम, अन्य तालिम, सेमिनार गोष्ठी (TOT) | स्थानिय भवन निर्माण व्यवसायी र निमीठा, संघ संस्था र सरोकारवालाहरु | ” | ध.न.पा, UN-HABITAT, स्थानिय भवन निर्माण व्यवसायी संघ SEAM-N | १ वर्ष सम्म (त्रैमासिक) TOT २०७१ असार मसान्त सम्म |
| ४. भवन नक्सा वास फारममा जानकारी पुस्तिका संलग्न गर्ने | भ्वन निर्माण गर्ने घरधनी | ध.न.पा, UN-HABITAT, DUDBC | ध.न.पा | २०७१ असोज मसान्त सम्म |
| ५.Brochure, पम्प्लेट छपाई तथा वितरण | सरोकारवाला सबै | ” | ” | ६ महिना भित्र |
| ६. रेडियो, टिभी कार्यक्रम उत्पादन र संचालन | ” | ” ” SEAM-N | ध.न.पा र पत्रकार महासंघ | १ वर्ष भरि संचालन ३ महिना उत्पादन |
| ७. हरित आवास सँग सम्बन्धित उत्पादन, निर्माण सामाग्री र प्रक्रियाको गुणस्तर प्रमाणिमकरण | उत्पादक, वितरक प्राविधिक र निर्माणकर्मी | ध.न.पा DUDBC स्थानिय वि. मं. | ध.न.पा DUDBC स्था. परामर्शदाता प्रतिनिधि उ.रा.संघ | सधैं |
| ८. लेभल छुट्याएर छुट तथा प्रोत्साहनको व्यवस्था | सरोकारवाला सबै | ध.न.पा, र UN-HABITAT | ध.न.पा | त्रमबद्ध रुपमा |
| ९. अध्ययन, अवलोकन भ्रमण -अन्तरदेशीय र अन्तराष्ट्रिय) | सरोकारवाला | ध.न.पा, UN-HABITAT, DUDBC, SEAM-N | ध.न.पा, DUDBC | वर्षमा त्त पटक |
| १०. न.पा. बाट निर्माण हुने भएका भवन तथा अन्य पूर्वाधारलाई हरित आवास सिद्धान्त बमोजिम गर्न सुरु गर्ने (अरु थप्न सकिने छ छलफलबाट) | उपभोक्ता समुह, सरोकारवाला | ध.न.पा, DUDBC स्था.वि.मं., सरोकारवाला | ध.न.पा | त्रमबद्ध रुपमा |

टोलीनेताः गणेश प्रसाद खतिवडा

समुह सदस्यः मिलन भट्टराई, सुवास राई, रञ्जित शाह, हरि ब. कार्की, विजय अछामी, किशोर अधिकारी, अञ्जु प्रधान